मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १७६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख ३१ गते सोमवार (Monday, 13 May . 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सुरक्षा गार्डको हत्या आरोपमा सशस्त्रका पूर्वजवान पक्राउ

**काठमाडौँ, बैशाख ३०।** सप्तरीको सप्तकोशी नगरपालिका-१स्थित नेपाल बैंकमा कार्यरत सुरक्षा गार्डको हत्या आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तकोशी नगरपालिका-५ घर भएका चन्द्रबहादुर सुवेदी छन्। ३२ वर्षीय सुवेदी सशस्त्र प्रहरी बलका पूर्वजवान हुन्। सुवेदीलाई चितवन प्रहरीसँगको समन्वयमा चितवनको राप्ती नगरपालिका-१ बाट पक्राउ गरिएको सप्तरीका एसपी गजुसिद्धी बज्राचार्यले जानकारी दिए। २६ वैशाखमा राति सप्तकोशी नगरपालिका-२

(बाँकी अन्तिम पृष्ठमा)

## तीन पत्रकारसहित ११ जना अक्षयकोषदाता सम्मानित



**बिर्तामोड, बैशाख ३०।** झापाका तीन जना पत्रकारसहित ११ जना अक्षयकोष दाता सम्मानित भएका छन्।

दशनामीहरुका कुलगुरु शंकराचार्यको १२३६औं जन्मजयन्तीका अवसरमा उनीहरु सम्मानित भएका हुन्। नेपाल दशनामी समाज बिर्तामोड नगर समितिले आइतवार शंकराचार्यको जन्म जयन्तीका अवसरमा उनीहरुलाई सम्मान गरेको हो।

अग्रज पत्रकार, नागरिक एफएमका प्रधान सम्पादक तथा साप्ताहिक समाचारका सम्पादक गोपाल गिरी, नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष तथा पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक एकराज गिरी र शब्दपत्र प्रकाशन प्रालिद्वारा सञ्चालित शब्दपत्र डटकमका सम्पादक तथा प्रकाशक उद्धव पुरी सम्मानित भएका हुन्। पत्रकारहरुले दशनामी समाजको प्रचारप्रसारमा

(बाँकी अन्तिम पृष्ठमा)

### भवन निर्माण गर्न एक करोड सहयोग घोषणा



**बिर्तामोड, बैशाख ३०।** नेपाल दशनामी समाजका अग्रज कृष्णकुमार गिरीले समाजको केन्द्रीय कार्यालय बनाउनका लागि एक करोड रुपैयाँ सहयोगको घोषणा गरेका छन्।

काठमाडौंमा कार्यालय बनाउन उनले सो सहयोगको घोषणा गरेका हुन्। जिल्लाबाट उपचार लगायतका काम विशेषले राजधानी आउने आर्थिक रुपमा कमजोर दशनामीबन्धुलाई

(बाँकी अन्तिम पृष्ठमा)

समुदायका सबै बालबालिका विद्यालयको हाताभित्र

## कक्षा ९मा अध्ययनरत् सबै विद्यार्थीलाई नि:शुल्क साइकल

**सुरेन्द्र भण्डारी**

**झापा, वैशाख ३०।** समुदायका सबै बालबालिकालाई विद्यालयको हाताभित्र ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्न झापा गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रममध्ये बिद्यार्थीलाई साइकल बितरण एक हो।

गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत् बिद्यार्थीलाई साइकल प्रदान गर्न गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा बजेटको व्यवस्थापन गर्दै विद्यार्थीलाई साइकल बितरण गर्न शुरु गरेसँगै समुदायका सबै बालबालिका बिद्यालयको हाताभित्र आएका हुन्।

अघिल्ला वर्ष छात्रालाई मात्रै साइकल प्रदान गर्दै आएको गाउँपालिकाले यस वर्षबाट छात्रलाई समेत साइकल प्रदान गर्न शुरु गरेको हो। जस अन्तर्गत कक्षा ९मा अध्ययनरत् सबै विद्यार्थी (३ सय ४३ जना) लाई गाउँपालिकाले आइतवार साइकल बितरण गरेको हो।



सामुदायिक विद्यालयमा अध्ययनरत् विपन्न समुदायका बिद्यार्थीले बीचैमा पढाइ छाड्ने समस्या देखिएसँगै गाउँपालिका अध्यक्ष जयनारायण साहले २०७५ सालमा विद्यार्थीले किनबीचैमा पढाइ छाड्छन् भन्दै सूक्ष्म अध्ययन गरेका थिए। सो क्रममा विद्यालय आवतजावतमा बिद्यार्थीलाई समस्या देखिएपछि उनले सोही वर्षवाट बिद्यार्थीलाई साइकल बितरण शुरु गरेका थिए।

शुरुका वर्ष अति विपन्न परिवारका बिद्यार्थीको पहिचान गर्दै साइकल वितरण गर्न शुरु गरेको गाउँपालिकाले त्यस यता छात्रालाई मात्रै साइकल वितरण गर्न शुरु गऱ्यो। तर, बिद्यालय आउन छात्रालाई मात्रै समस्या होइन, छात्रलाई पनि समस्या देखिएपछि गाउँपालिकाले सबै विद्यार्थीलाई साइकल वितरण शुरु गरेको हो।

आइतवार गाउँपालिकामा आयोजित कार्यक्रममा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले सबै बिद्यार्थीलाई साइकल बितरण गरेकी हुन्। साइकल वितरण गर्दै कार्यवाहक अध्यक्ष थपलियाले विद्यालयको शैक्षिक

(बाँकी अन्तिम पृष्ठमा)

चतराधाम पूर्णमहाकुम्भ मेला

## ३६ जनाको उद्धार, ३०००को उपचार

**धरान, वैशाख ३०।** सुनसरीको बराहक्षेत्र नगरपालिका-१ चतराधाममा गत चैत २७ गतेदेखि वैशाख २८ गतेसम्म सञ्चालन भएको पूर्णमहाकुम्भ मेलामा सशस्त्र प्रहरीले ३६ जनाको उद्धारका साथै तीन हजारको स्वास्थ्य उपचार गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय पकली सुनसरीको विपद् व्यवस्थापन टिमद्वारा मेला अवधिभर ३६ जनाको उद्धार र स्वास्थ्य शिविरबाट तीन हजार एक सय १८ जना दर्शनार्थीलाई स्वास्थ्य सेवा प्रदान गरिएको हो।

सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा राखिएको मोटरबोटसहितको विपद् उद्धार टोलीले स्नान गर्दा खोलाले बगाएर लगेका, खोलामा बेहोस् भएका गरी ३६ जनाको उद्धार गरिएको मुख्यालयका नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेलले जानकारी दिए।

मेलालाई व्यवस्थित र सुरक्षित बनाउन तीन सयजना सुरक्षाकर्मी खटाइएको र प्रहरी नायव उपरीक्षकको कमाण्डमा मेलाको अवधिभर स्नानस्थल तथा कार्यक्रमस्थलमा फौज परिचालन गरिएको उनको भनाइ छ।

## ‘वैचारिक आस्थामाथि बन्देज गरेर लोकतन्त्र बलियो हुन्न’

**विर्तामोड, बैशाख ३०।** नेपाली कांग्रेस कोशी प्रदेशका सभापति तथा पूर्व मुख्यमन्त्री उद्धव थापाले बैचारिक आस्थामाथि बन्देज गरेर लोकतन्त्र बलियो हुन नसक्ने बताएका छन्।

नेपाल शिक्षक संघको ३५औं स्थापना दिवसको अवसरमा झापाको चारपानेमा आयोजित शिक्षक अभिनन्दन, सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेता थापाले विद्यालय समय बाहिर शिक्षकलाई आस्था र बिचारमा आवद्ध हुन र गतिविधि गर्न रोक लगाइनु नहुने भनाइ राखे। वर्तमान सरकारले बिचार र अभिव्यक्ति स्वतन्त्रतामा धावा बोल्न लागेकोप्रति चनाखो रहन आग्रह गर्दै पूर्वमुख्यमन्त्री थापाले विचार र आस्था रोज्न पाउने अधिकारको सम्मान गर्न सल्लाह दिए। नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपाली शिक्षकले पुऱ्याएको योगदानलाई सबैले स्मरण गर्नुपर्नेमा थापाले जोड दिए।

नेपाल शिक्षक संघ झापाका सभापति तोयानाथ दाहालको सभापतित्वमा सम्पन्न कार्यक्रममा शिक्षा बिकास समन्वय इकाई प्रमुख राजकुमार बिक, नेपाली कांग्रेस झापा उपसभापति केशवराज पाण्डे, नेपाली कांग्रेस झापा सचिव कृष्ण हुमागाँई, नेपाल शिक्षक

(बाँकी अन्तिम पृष्ठमा)


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०१/३१ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले विराटनगर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : श्री नयाँ जीवन बचत तथा ऋण सहकारी संस्था लिमिटेड।**
**रजिष्टर्ड ठेगाना : विराटनगर-५, मोरङ। हालको ठेगाना विराटनगर ०७, मोरङ। दर्ता नं: ६६८(३८१)/०६६/६७।**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : महेन्द्र जंग राई**
**(अध्यक्ष जमानीकर्ता)**
बाबु : काम बहादुर राई
बाजे : सुत्र बहादुर राई
ना प्र नं. : ०६-०२-७०-०१३०३
ठेगाना :धरान-१७, सुनसरी

**२) नाम : नविन कुमार राई**
**(उपाध्यक्ष जमानीकर्ता)**
बाबु :दुर्गा नारायण राई
बाजे : प्रेम बहादुर राई
ना.प्र.नं : ६२९१
ठेगाना : थलाह २, मोरङ
हाल विराटनगर १०, तिनटोलीया, प्रतिभा मार्ग

**३) नाम : उमा दाहाल**
**(सचिव जमानीकर्ता)**
बाबु :लालबहादुर दाहाल
बाजे :दिल बाहादुर दाहाल
ना.प्र.नं :०२/३६७९
ठेगाना : खुदुनाबारी ७, झापा
हाल विराटनगर ०३, कन्या मार्ग

**४) नाम : पिटर मोहन लिम्वु**
**(कोषाध्यक्ष जमानीकर्ता)**
बाबु : पुर्ण वहादुर लिम्वु
बाजे : हर्क वहादुर लिम्वु
ना.प्र.नं : ८५२४१५७६२
ठेगाना : सतासी-५, झापा
हाल विराटनगर -६

**५) नाम :प्रदिप कुमार राई**
**(संचालक जमानीकर्ता)**
बाबु : आसमान राई
बाजे : गोकुलमान राई
ना.प्र.नं :४४४०
ठेगाना : तपेश्वरी १,उदयपुर
हाल विराटनगर २

**६) नाम : जीत नारायण चौधरी**
**(संचालक जमानीकर्ता)**
बाबु : गौचरण चौधरी
बाजे : सोमय चौधरी
ना.प्र.नं : १०६५६
ठेगाना : विराटनगर - ६, मोरङ
हाल विराटनगर ५ त्रिमुर्ती चौक

**७) नाम : शरद के. सी**
**(संचालक जमानीकर्ता)**
बाबु : ओम बहादुर के.सी
बाजे : कृष्ण बहादुर खत्री
ना.प्र.नं :५८१४४
ठेगाना : ललितपुर १४, ललितपुर

**८) नाम :प्रभात खड्का**
**(ब्यबस्थापक जमानीकर्ता)**
बाबु : शरण भक्त खड्का
बाजे : कटक बहादुर खड्का
ना.प्र.नं :५१०५९/१४३५९
ठेगाना : बसाहा ०७, उदयपुर
हाल विराटनगर -०३, कन्यामार्ग

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री पंचविर तामाङ्गको नातिनी श्री काइला सिं तामाङको छोरी गोरखा जिल्ला भिरकोट गा.वि.स. वडा नं. ५ बस्ने श्री युनिश थोकर तमाङ्ग र मान बहादुर लिम्बुको नातिनी श्री रवि चन्द्र लिम्बुको छोरी मोरङ जिल्ला टाँडी गा.वि.स बडा नं ५ बस्ने केशर देवी लिम्बुको संयुक्त नाममा मालपोत कार्यालय बेलबारी,मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला दुलारी गा.वि.स/न.पा . वडा नं. ४ को कित्ता नं. ७२८, ७३४, ७२२ र ७१६ को क्रमश क्षेत्रफल ०-०-६-०( १०१.५८ वर्ग.मिटर),०-०-६-१ (१०५.८१ बर्ग मिटर), ०-०-६-२ (११०.०४ वर्ग मिटर) र ०-१-२-० (३७२.४९ बर्ग मिटर) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

२. श्री देउमान प्रधानको नाति श्री कृष्ण बहादुर प्रधानको छोरा झापा जिल्ला वाहुनडाँगी गा.वि.स. वडा नं. ८ बस्ने मन वहादुर प्रधानको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ८ को कित्ता नं. ८६७ र १०९६ को क्रमश क्षेत्रफल ०-१६-०-० (५४१८.०८ व. मि) र ०-०-१२-० (२०३.१६ व.मि) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

३. नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, मोरङ्गमा मिति २०६७/०२/२३ मा दर्ता न. ६६८(३८१)/०६६/६७ दर्ता भई मोरङ्ग जिल्ला बिराटनगर वडा नं. ०५ दर्ता ठेगाना भएको श्री नयाँ जीवन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाममा मालपोत कार्यालय बिराटनगर, मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला विराटनगर उ.म न पा वडा नं. ८ को कित्ता नं. ९७ को कमश क्षेत्रफल ०-०-१३-० (२२०.०९ बर्ग मिटर) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop


## सामाजिक सञ्जाल दुरुपयोगका मामिला बढे

**झापा, वैशाख ३०।** काठमडौंको भोटाहिटीस्थित साइबर ब्यूरोको कार्यालयमा गएको साता पुग्दा गेटदेखि नै मानिसहरूको भीड देखिन्थ्यो।

कसैको अकाउन्ट ह्याक भएको गुनासो थियो भने कसैको ठगी अनि कसैको चरित्रहत्यासँग सम्बन्धित मामिला थियो। यहाँ सधैँ यस्तै भीड भइरहन्छ- ब्यूरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक दीपकराज अवस्थीले भने। उनले साइबर ब्यूरोमा उजुरी कसरी बढिरहेको छ भनेर आँकडा नै सुनाए। अघिल्लो आर्थिक वर्ष ०७९/०८०मा झण्डै ९,००० वटा उजुरी परेका थिए। यो आर्थिक वर्षको दुई महिना अझै बाँकी नै छ, लगभग १५,००० उजुरी परिसके- उनले भने।

**कस्ताकस्ता उजुरी**

साइबर ब्यूरोमा गएको तीन महिनामा परेका उजुरीका केही प्रकृति यस प्रकार छन्: -

- नक्कली फेसबुक अकाउन्ट खोलेर रोजगारीको अवसर खुलेको भन्ने अनि फिजिकल फिटनेसको जाँच गर्नु पर्छ भनेर मागेको नग्न फोटो र भिडिओको आडमा ब्ल्याकमेल गर्ने।
- नाबालिकाको फोटो प्रयोग गरेर अश्लील क्याप्सनसहित नक्कली पहिचानमा सामाजिक सञ्जालमा राखिदिने र पीडितका आफन्तहरूलाई त्यस्ता सामग्री पठाएर धम्की दिने।
- सामाजिक सञ्जालमा साथी बनाएर गोप्य फोटो र भिडियो साटासाट गर्ने अनि सम्बन्ध बिग्रिएपछि पीडितका आफन्त र साथीभाइकहाँ पठाइदिने।
- मेसेजिङ एपमा साथी बनेर गरेका वार्तालाप रेकर्ड गरेर सम्पादन गर्ने र अश्लील सन्देशसहित पोष्ट गरी चरित्रहत्या गरिदिने।
- आईईएलटीएस/पीटीई जस्ता शैक्षिक जाँच सहजीकरण गरिदिने भनी इन्स्टाग्राममा प्रचार गरेर मानिसहरूलाई झुक्याएर ठग्ने।

**तारन्तार अनुरोध**

उजुरीहरूको चाङका माझ ब्यूरोले चैत महिनामा मात्रै



तीनपटक भिन्नाभिन्नै सार्वजनिक अनुरोध गरेको छ।

सामाजिक सञ्जालहरूमा सार्वजनिक नैतिक र शिष्टाचारबिरुद्धका अनि घृणा वा द्वेष फैलाउने सामग्री राख्ने, लाइक गर्ने, ट्याग गर्ने, कमेन्ट गर्ने, शेयर गर्ने गतिविधि बढेको र त्यसले प्रचलित कानून उल्लंघन हुने भन्दै त्यसो नगर्न एउटा अनुरोध सार्वजनिक गरिएको थियो।

दोस्रो अनुरोध चाहिँ सामाजिक सञ्जाल (फेसबुक)का पेजहरूबाट अनलाइन डेटा इन्ट्रीको काम दिने, अंग्रेजी भाषा जाँच सम्बन्धी आईईएलटीस/पीटीईका तयारी कक्षा तथा शेअर कारोबारको प्रशिक्षण नि:शुल्क प्रदान गर्ने भनेर कुनै लिङ्क पठाइदिने र त्यो अनुसारका सफ्टवेयर इन्स्टल गर्न लगाउने अनि त्यसपछि पीडितको सम्बन्धित उपकरण (कम्प्युटर, ल्यापटप वा मोबाइल) सम्पूर्ण नियन्त्रणमा लिई युजरनेम/पासवर्ड ह्याक गरी आर्थिक ठगी गर्ने क्रम बढेको सम्बन्धी थियो।

तेस्रो अनुरोध चाहिँ विभिन्न फोन नम्बर प्रयोग गरेर आफू ईसेवा वा कनेक्ट आईपीएसबाट बोलेको र बोनस/चिट्ठा प्राप्त गरेको भन्दै एसएमएसबाट पठाइएको लिंक क्लीक वा फरवार्ड गर्न भन्ने र त्यसबाट पीडितको युजरनेम/पासवर्ड ह्याक गरी आर्थिक ठगी गर्ने घटना बढेको सम्बन्धी थियो।

**अकाउन्ट ह्याकदेखि अनलाइन ठगी**

साइबर सुरक्षासम्बन्धी विज्ञ बिजय लिम्बू साइबर अपराधका अधिकांश मामिला ज्ञानको अभावका कारण हुने गरेको बताउँछन्। मैले हेर्दा करिब ७० प्रतिशत घटना नजानेर वा पीडित अन्जान हुँदा भएको देखिन्छ भने ३० प्रतिशत चाहिँ लापरबाहीले गर्दा भएको देखिन्छ। अनावश्यक र अनधिकृत सफ्टवेयर हाल्ने वा प्रलोभनमा परेर असुरक्षित लिङ्क खोल्ने काम हुन्छन्। के हो साइबर अपराध ? मलाई त कसरी यसले असर गर्ला र ? भन्ने भावना हामी धेरैमा छ जसले गर्दा आवश्यक सतर्कता हुँदैन- लिम्बूले भने।

अधिकांश पीडितहरूले उनीहरूको सामाजिक सञ्जालको खाता वा इमेल ह्याक भएको भन्दै त्यसलाई या त मेटाइदिन या पुनःप्राप्त गराइदिन अनुरोध गर्दै ब्यूरोमा पुग्ने गरेको ब्यूरोका प्रवक्ता अवस्थीले बताए। साइबर अपराधका उजुरीहरू केलाउँदा अकाउन्ट ह्याक भएको उजुरी ५२ प्रतिशत पुगेको देखिन्छ। त्यसपछि १८ प्रतिशत उजुरी चाहिँ अनलाइन माध्यमबाट वित्तीय ठगीका उजुरी छन्। जसमा विभिन्न प्रलोभन देखाएर फसाउने र ठग्नेदेखि लिएर सेक्सटोर्शन (गोप्य गतिविधि सार्वजनिक गर्दिने धम्की दिँदै गरिने शोषण वा ब्ल्याकमेल)का घटना छन्- उनले भने।

तीबाहेक पहिचान चोर्ने, चरित्रहत्या गर्ने, मानहानी, बुलिङ, ग्रुमिङ, घृणा अभिव्यक्ति, अश्लील फोटो सार्वजनिक गरिदिने धम्की, हिंसाको धम्की तथा पोर्नोग्राफीजस्ता घटनाका उजुरी पनि आउने गरेको उनले जानकारी दिए। तस्बिरहरू बिगार्ने अर्थात् मर्फ गर्ने र बेइज्जत गर्ने मामिला पनि देखिएको उनले बताए। आर्टिफिसियल इन्टेलिजन्स (एआई)को दुरुपयोग गरेर पत्ता लगाउनै गाह्रो हुने गरी ‘डीपफेक’ गर्ने क्रम अहिले नदेखिए पनि त्यसको जोखिम बढिरहेको उनले बताए।

सामाजिक सञ्जाल दुरुपयोगको मामिला फेसबुक, इन्स्टाग्राम, यूट्यूब, एक्स, ह्वाट्स्याप, भाइबर, इमोजस्ता विभिन्न प्ल्याटफर्ममा भइरहेको तर अधिकांश (झण्डै ८३ प्रतिशत) चाहिँ फेसबुकका प्ल्याटफर्ममा भइरहेको ब्यूरोले जानकारी दिएको छ।

## सुरक्षा ...

घर भएका परशुराम फुयाँलको हत्या भएको थियो । उनी नेपाल बैंक लिमिटेडको सो शाखामा सुरक्षा गार्डको रुपमा कार्यरत थिए ।

आरोपीले करिब डेढ वर्षअघि सशस्त्र प्रहरीबाट उपदान लिएर अवकाश रोजेका हुन् । आफ्नो २५ लाख ऋण भएको र सो ऋण तिर्न नसकेपछि लुट्ने उद्देश्यले सुरक्षा गार्डको हत्या गरेको आरोपीले प्रहरीलाई बयान दिएका छन् ।

## वैचारिक ...

महासंघ झापाका अध्यक्ष नेत्र खरेल, कृष्णमाया रिजाललगायतले शुभकामना मन्तव्य राखेका थिए । कृष्णमाया दाहालले स्वागत गरेको कार्यक्रमको सञ्चालन देबेन्द्रचन्द्रसिंह राजवंशीले गरेका थिए । कार्यक्रममा प्रकाशचन्द्र भण्डारीलाई अभिनन्दन गरिएको थियो भने विभिन्न विधामा ३० जना बढीलाई सम्मान एवम् पुरस्कृत गरिएको थियो ।

## कक्षा ९मा ...

गुणस्तर सुधारका लागि गाउँपालिकाले थुप्रै कार्यक्रम सञ्चालन गरेको र त्यस अन्तरगत साइकल बितरण एक रहेको बताइन् । उनले झापा गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा कक्षा ९मा अध्ययनरत् बिद्यार्थीलाई साइकल बितरण गर्न गाउँपालिकाले ४१ लाख रुपैयाँ बजेट व्यवस्थापन गरेको र सोही रकमबाट विद्यार्थीलाई साइकल वितरण गरिएको बताइन् ।

त्यसो त गाउँपालिकाले शिक्षातर्फ शिक्षा विकासका लागि २० लाख, विद्यालयको भौतिक सुधारका लागि ७० लाख, विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रमका लागि १० लाख, स्थानीय पाठ्यक्रम निर्माणका लागि १० लाख रुपैयाँ वजेट विनियोजन गरेको छ ।

त्यस्तै गाउँपालिकाले झापा नमूना क्याम्पस सञ्चालनका लागि १० लाख रुपैयाँ विनियोजन गरेको र बाल शिक्षक तथा विद्यालय कर्मचारीलाई नेपाल सरकारबाट प्राप्त हुने पारिश्रमिक रकममा थप गर्न ७२ लाख रुपैयाँ बिनियोजन गरेको थियो । त्यस्तै मदरसामा अध्यापन गराउने शिक्षकलाई पारिश्रमिकका लागि ४५ लाख ४० हजार रुपैयाँ बजेट बिनियोजन गरेको गाउँपालिकाकी कार्यवाहक अध्यक्ष थपलियाको भनाइ छ ।

साइकल वितरण कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियासहित वडा नं. ७का वडा अध्यक्ष सखिचन्द्र ठाकुर, स्थानीय टीका प्रसाद जमरकट्टेल, सुन्दरलाल गणेश लगतयले शुभकामना मन्तव्य राखेका थिए । झापा गाउँपालिका शिक्षा शाखा प्रमुख जीवन ढकालले शुभकामना मन्तव्य राखेको कार्यक्रममा गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयका शिक्षक, स्थानीय समाजसेवी, नागरिक समाजका प्रतिनिधि, शिक्षासंग सरोकार राख्ने व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

## भवन ...

सहयोग पुर्‍याउन आवास सुविधासहितको भवन बनाउन गिरीले सुझाएका छन् ।

उनले नेपाल दशनामी समाजको बिर्तामोड नगर समितिले गरेको कामको सह्राहना गर्दै नगरमा ५० लाखमाथिको अक्षयकोष बनाउन आग्रह गरे । त्यसका लागि आफ्नोतर्फबाट ५१ हजार सहयोगको घोषणा गर्दै गिरीले अक्षयकोष वृद्धिका लागि आग्रह गर्न आफू दशनामी बन्धुको घरदैलोमा पुग्ने बताए । उनले नेपाल दशनामी समाज स्थापनाका लागि आफूले गरेको प्रयास र संघर्षको अनुभूति पनि सुनाए । आइतबार बिर्तामोडमा भएको एक कार्यक्रममा बोल्दै उनले समाजको हितमा सबै अग्रसर बन्नुपर्नेमा जोड दिए ।

समाजको बिर्तामोड नगर समितिले उनको योगदानको कदर गर्दै सम्मान-पत्रद्वारा सम्मान गरेको छ । समाजका संरक्षक भरतलाल गिरी, केन्द्रीय अध्यक्ष गोविन्दविक्रम गिरी र नगर अध्यक्ष अर्जुन गिरीले उनलाई सम्मान-पत्र प्रदान गरेका थिए ।

## तीन पत्रकार ...

समाचारका माध्यमबाट पुर्‍याएको योगदानको उच्च मूल्याङ्कन गर्दै समाजले सम्मान गरेको हो ।

त्यस्तै समाजका केन्द्रीय संरक्षक तथा अक्षयकोषदाता भरतलाल गिरी, केन्द्रीय अध्यक्ष तथा अक्षयकोषदाता गोबिन्दबिक्रम गिरी, केन्द्रीय सल्लाहकार सदस्य तथा अक्षयकोषदाता बालकृष्ण गिरी, समाजका कोशी प्रदेश सल्लाहकार तथा अक्षयकोषदाता चन्द्रप्रसाद र कोशी प्रदेश उपाध्यक्ष शारदा गिरी, समाजका कोशी प्रदेश अध्यक्ष तथा अक्षयकोषदाता पदमबहादुर पुरी (प्रकाश), बिर्तामोड नगर सल्लाहकार तथा अक्षयकोषदाता नरनाथ गिरी, नगर सल्लाहकार तथा अक्षयकोषदाता सन्तोष गिरी, अक्षयकोषदाता सूर्यप्रसाद र देबीकुमारी गिरी, सल्लाहकार तथा अक्षयकोषदाता शंकर गिरी, बिर्तामोड नगर कोषाध्यक्ष तथा अक्षयकोषदाता खड्गराज गिरी र अक्षयकोषदाता हेमराज गिरी सम्मानित भएका छन् । उनीहरुलाई नगरले स्थापना गरेको अक्षयकोष तथा हितकोषका लागि रकम प्रदान गरेको भन्दै सम्मान गरिएको हो ।

नेपाल दशनामी समाज बिर्तामोड नगर अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका संस्थापक केन्द्रिय संरक्षक कृष्णकुमार गिरीको प्रमुख आतिथ्य रहेको थियो । सम्मानित व्यक्तित्वहरुलाई प्रमुख अतिथि गिरीले सम्मान गरेका थिए ।

स्वागत समाजका बिर्तामोड नगर समिति ज्येष्ठ सदस्य घनश्याम गिरीले गरेको कार्यक्रममा प्रमुख अतिथि कृष्णकुमार गिरी, केन्द्रीय संरक्षक भरतलाल गिरी, केन्द्रीय अध्यक्ष गोबिन्दबिक्रम गिरी, केन्द्रीय सदस्य एलबी गिरी, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, कोशी प्रदेश सल्लाहकार चन्द्रप्रसाद गिरी, कोशी प्रदेश अध्यक्ष पदमबहादुर पुरी (प्रकाश), पूर्वझापा अध्यक्ष खिलबहादुर गिरी (राजु), अक्षयकोषदाता नरनाथ गिरी, अर्जुनधारा नगर अध्यक्ष होमनाथ पुरी, मेचीनगर नगर अध्यक्ष भूपेन्द्र गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन कोशी प्रदेश सह-सचिव उमेश भारतीले गरेका थिए ।

सोही कार्याक्रमकाबीच नगर अध्यक्ष अर्जुन गिरीको कार्यलाई उच्च मूल्याङ्कन गर्दै अक्षयकोषदाताहरुको तर्फबाट सम्मान गरिएको थियो ।

कार्यक्रममा उपाध्यक्ष सम्झना गिरी (पुरी), सह-सचिव प्रजित पुरी (धनबहादुर), सदस्यहरु रणबहादुर गिरी, पद्मादेवी पुरी, बिदुर गिरी, खेमराज गिरी, हरि गिरी, धनबहादुर पुरी, विश्वनाथ वन, बद्री गिरी (बिनोद), रञ्जु गिरीलगायतको उपस्थिति रहेको थियो ।

सोही कार्यक्रममा दशनामीका हरेक गतिविधिमा सहयोग पुर्‍याएको भन्दै बिर्तामोड अनलाइन सोझाका सञ्चालक खड्क थापा, इमेज फोटो स्टुडियोका सञ्चालक तथा फोटोग्राफर खड्ग राय, मनकामना फुड बेभरेजका सञ्चालक नवराज भारतीलाई पनि सम्मान गरिएको थियो । सोही कार्यक्रमकाबीच नगर समितिको कार्यालयका लागि नगर कोषाध्यक्ष खड्गराज गिरी र नगर सह-सचिव प्रजित पुरी (धनबहादुरले एक/एक सेट सोफा समेत खरिद गरेर नगरलाई उपलब्ध गराएका थिए ।







## श्रमिकको अधिकार सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मूल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहार्दपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

**'श्रमको सम्मान, राष्ट्रको अभियान'**
**अन्तर्राष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

जनक लाल गणेशको नाति, फागुलाल गणेशको छोरा कोशी प्रदेश झापा जिल्ला झापा गा.पा. वडा नं. २ बस्ने जगन्नाथप्रसाद गणेशले यस शाखामा बचत खाता नं १८२१५२४०७०३२३० संचालन गर्दै आउनुभएकोमा मिति २०८०/०६/०४ मा निज खातावाला जगन्नाथ प्रसाद गणेशको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने कुन्तीकुमारी गणेशले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक खातावाला जगन्नाथप्रसाद गणेशको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेतसूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**बिर्तामोड शाखा**
**मुक्तिचोक, बिर्तामोड, झापा**
**फोन नम्बर:०२३-५३०९१०**

## चारआली साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

दुहागढी, धाइजन (मेनपा-१२), झापा

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस संस्थालाई तपसिल अनुसारका कर्मचारी करारमा आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको मितिभित्र दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद | आवश्यक पद संख्या | शैक्षिक योग्यता | तालिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १/२०८०/०८१ | सह लेखापाल | १ (एक) | मानन्यता प्राप्त शिक्षण संस्थाबाट सबै विषयमा कम्तीमा C ग्रेड ल्याइ व्यवस्थापन संकायबाट कक्षा १२ उत्तीर्ण गरेको वा सो सरह | कम्प्युटर बेसिक कोर्षको ३ महिने तालिम पूरा गरी MS Word, Excel, Nepali Typing सम्बन्धी राम्रो ज्ञान भएको | रु. १०००।- |
| २/२०८०/८१ | पम्प अपरेटर | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सबै विषयमा कम्तीमा C ग्रेड ल्याइ SEE उत्तीर्ण गरेको वा सो सरह | विद्युत जडान सम्बन्धी तालिम प्राप्त गरी विद्युतीय उपकरण जडान र सञ्चालन सम्बन्धी राम्रो ज्ञान भएको । | रु. १०००।- |
| ३/२०८०/८१ | प्लम्बर | १ (एक) | साक्षर | प्लम्बिङ सम्बन्धी तालिम प्राप्त गरी खानेपानीको पाइपलाइन जडान तथा मर्मत सम्बन्धी कार्यको ज्ञान भएको । | रु. ५००।- |
| ४/२०८०/८१ | गार्ड | १ (एक) | साक्षर | सुरक्षा सम्बन्धि विषयको ज्ञानका साथै विद्युतीय उपकरण सञ्चालन सम्बन्धी ज्ञान भएको । | रु. ५००।- |

- माथि उल्लेखित पदमा आवेदन दिंदा संस्थाबाट प्राप्त दरखास्त फाराम भरी नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिमको प्रमाणपत्र र अनुभव भएमा अनुभवका प्रमाणपत्रहरुका प्रतिलिपिहरु आफैले प्रमाणित गरी १ प्रति पासपोर्ट साईजको फोटो टाँसी दरखास्त दिनुपर्नेछ ।
- उमेरको हदमा पुरुषको हकमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पूराभई ४० बर्ष ननाघेको हुनुपर्नेछ,
- परीक्षा लिखित, मौखिक र प्रयोगात्मक हुनेछ,
- **दरखास्त दिने अन्तिम मिति** : २०८१/०२/१३ गते कार्यालय समय भित्र ।
- **सम्पर्क मिति** : २०८१/०२/१४ गते कार्यालय समय भित्र ।
- अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**संयोजक**
**कर्मचारी छनौट उपसमिति**

सम्पर्कः **चारआली साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
दुहागढी, धाइजन, झापा
सम्पर्क फोनं न. ०२३-४६०६७१, ९८१६९५०९९३ । Gmail: charaliwusc@gmail.com

## एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.** तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )

Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

### वि.स.२०८१ जेठ ०१ गते (इ.सं.२०२४/०५/१४) देखि लागु हुने व्याजदर

#### निक्षेप

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (% प्रतिवर्ष) |
|---|---|---|
| **१.चल्ती/कल डिपोजिट** | | |
| (क) कर्पोरेट डिपोजिट (CD) | १००० देखि ५००० सम्म | अधिकतम १.५० सम्म |
| (ख) एक्सेल सुपर निक्षेप (ESD) | ० | |
| **२.बचत खाता** | | |
| साधारण बचत (NS) | १०० | ४.२५ |
| एक्सेल सुपर सेभिङ्ग(ESS) | १०० | ४.२५ |
| महिला बचत (WS) | १०० | ४.२५ |
| बिद्यार्थी बचत (SS) | १०० | ४.२५ |
| बाल बचत (CS) | १०० | ४.२५ |
| कर्मचारी बचत (KK) | १०० | ४.२५ |
| जेष्ठ नागरिक वचत खाता(SCS) | १०० | ४.२५ |
| नागरिक वचत खाता | १०० | ४.२५ |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | ४.२५ |
| लकर वचत खाता | १०,००० | ४.२५ |
| बम्पर बचत खाता | १०० | ४.२५ |
| मेरो तलव खाता | ० | ४.२५ |
| मेरो पेन्सन खाता | ० | ४.२५ |
| हाम्रो बचत खाता | १०० | ४.२५ |
| एक्सेल रेमिट खाता | १०० | ६.२५ |
| एक्सेल प्रिमियम वचत खाता | १,००० | ४.५० |
| मेरो नानी बाबुको वचत खाता | १०० | ४.७५ |
| एक्सेल समृद्धि वचत खाता | २,००० | ४.७५ |
| एक्सेल उत्कृष्ट बचत खाता | २५,००० | ५.२५ |

**३.मुद्दति खाता**

| खाता प्रकार | ब्याजदर (% प्रतिवर्ष): व्यक्तिगत खाताको लागि – मासिक / त्रैमासिक ब्याज भुक्तानी | ब्याजदर (% प्रतिवर्ष): संस्थागत खाताको लागि – त्रैमासिक ब्याज भुक्तानी |
|---|---|---|
| ३ महिने मुद्दति खाता | ५.५० | - |
| ६ महिने मुद्दति खाता | ५.७५ | ४.७५ |
| ९ महिने मुद्दति खाता | ६.०० | ५.०० |
| १ वर्ष वा सो भन्दा माथी ३ वर्ष भन्दा कमको मुद्दति खाता | ७.७५ | ६.७५ |
| ३ वर्ष वा सो भन्दा माथी ५वर्ष सम्मको मुद्दति खाता | ८.०० | ७.०० |
| एक्सेल रेमिट मुद्धति खाता | व्यक्तिगत खाताको हकमा माथी उल्लेखित समयावधि बमोजिमको व्याजदरमा १% थप गरिनेछ । | |
| एक्सेल कर्पोरेट प्रिमियम मुद्धति निक्षेप खाता (३ वर्ष वा सो भन्दा बढी) | - | ७.०० |

**४.क्रमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)**

| अवधि | वार्षिक ब्याजदर % |
|---|---|
| १ वर्ष अवधि | ६.२५ |
| २ वर्ष अवधि | ६.५० |
| ३ वर्ष अवधि | ६.७५ |
| ४ वर्ष अवधि | ७.०० |
| ५ वर्ष अवधि | ७.१५ |

#### कर्जा

| कर्जाको प्रकार | प्रिमियमदर(%प्रतिवर्ष) |
|---|---|
| १.संस्थागत (व्यवसायकर्जा) (रु १ करोड भन्दा बढी) | +३.०० सम्म |
| २. रिटेल कर्जा | |
| उपभोक्ता कर्जा | |
| शिक्षा कर्जा | |
| घर कर्जा | |
| मार्जिन (शेयर) कर्जा | |
| व्यक्तिगत ओ.डी. कर्जा<br>व्यक्तिगत आवधिक कर्जा<br>निजी सवारी साधन कर्जा<br>व्यवसायिक सवारी साधन<br>विद्युतिय सवारी साधन | |
| ३.रियल स्टेट कर्जा<br>व्यवसायिक कर्जा<br>आवासिय घर कर्जा<br>व्यक्तिगत आवधिक | |
| ४. सुन चाँदी धितो कर्जा | |
| ५.साना तथा मझौला कर्जा | |
| ६.ग्रिन कर्जा | +२.०० सम्म |
| ७.विपन्न वर्ग कर्जा<br>व्यक्तिगत तथा व्यवसायिक<br>थोक (लघुवित्त वित्तिय संस्था)<br>थोक अन्य | <br>+३.०० सम्म<br>+२.०० सम्म<br>+३.०० सम्म |
| ८.व्याज अनुदान सहितको सहुलियत कर्जा | +२.०० सम्म |
| ९.कन्सोर्टियम कर्जा | कन्सोर्टियम निर्णयानुसार |
| १०.मुद्धती रसिद धितोमा | मुद्धतीखाताको व्याजदरमा थप २ प्रतिशत वा पछिल्लो तीन महिनाको औसत आधार दरमा जुन बढी हुन्छ । |
| ११.छोटो आवधिक कर्जा (Short Term Loan) | +३.०० सम्म |
| १३.कृषि, हस्तकला तथा सीपमुलक व्यवसाय एवं उद्यम व्यवसाय (रु. २ करोड सम्म) | +२.०० सम्म |

**स्थिर व्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)**

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्ष भन्दा माथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | १२.००% | १२.५०% | १३.००% |
| व्यवसायिक कर्जा | १२.२५% | १२.५०% | १३.००% |
| सवारी कर्जा | १३.००% | १३.००% | - |
| व्यक्तिगत कर्जा | १३.००% | १३.५०% | १४.००% |

**नोटः**

- बैकको पछिल्लो तीन महिनाको औसत आधार दर (चैत्र मसान्त सम्मको) ९.४५% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर औसत आधार दरमा आवश्यक जोखिम प्रिमियम थप गरी निर्धारण हुनेछ ।
- सामाजिक सुरक्षा भत्ता वापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन/आपसी सहमति बमोजिम हुनेछ ।
- बैंक जमानत/प्रतितपत्र दावी भुक्तानीमा एवं Force Loan मा तत्काल लागू रहेको अधिकतम प्रिमियम दर लाग्नेछ ।
- ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको पालना नभएको तथा थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको प्रिमियम दरमा अतिरिक्त २% थप गरी कायम गर्न गरिनेछ । अन्यको हकमा पेनल व्याज सम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हनेछ ।
- विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्वन्धी व्यवस्था बमोजिम जेष्ठ नागरिक, दलित, मुक्तकमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला तथा फरक ढंगले सक्षम व्यक्तिलाई प्रवाह गर्ने विपन्नवर्ग कर्जाको व्याज दरमा एक प्रतिशत सहुलियत हुनेछ ।
- साविकको हाम्रो सुरक्षा वचत खाताको नाम परिवर्तन गरी हाम्रो वचत खाता राखिएको छ ।
- कर्जाको व्याजदर निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर गरिने छ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## दुर्घटना कम गर्न ट्राफिकको पाँच मिनेट

**नेपालीको आयस्तर र भौतिक सेवा–सुविधामा वृद्धि भएसँगै दुर्घटनामा ज्यान गुमाउनेको संख्या पनि बढ्दै गएको छ । यसबेला प्रत्येक घरमा सवारीका साधन उपलब्ध छन् । डाँडाकाँडा, पाखापर्वत, हिमालपहाड प्रायः सबैतिर सडक सञ्जाल पनि जोडिएको छ । सडक खोल्ने, स्तरोन्नति हुँदै कालोपत्रे गर्नेसम्मका विकासका गतिविधि सञ्चालन भइरहेका छन् । यसले ती सडकमा गुड्ने सवारीहरुको संख्यामा पनि बढोत्तरी हुँदै जाँदा अकालमा मृत्युवरण गर्नुपर्ने कारणले परिवारको पीडा पनि थपिँदै गएको छ । यो अवस्था कुनै एक जिल्ला, क्षेत्र वा भूगोलको मात्र नभएर सम्पूर्ण देशमै रहेको दिनहुँ सार्वजनिक भइरहेका समाचारहरुले देखाएका छन् ।**

**यही मेसोमा झापा पनि सवारी दुर्घटनाको पीडाबाट अछुतो छैन । जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख नवराज न्यौपानेले आर्थिक वर्ष ०८०–०८१ को नौ महिनाको अवधिमा झापामा भएका दुर्घटनामा ५३ जनाको मृत्यु भएको जनाएका छन् । चार सय ६३ वटा सवारी दुर्घटना हुँदा आधाभन्दा बढी अर्थात् दुई सय ८८ वटा मोटरसाइकल दुर्घटनामा परेका थिए । यात्रा सुरक्षित होस् भन्नका लागि ट्राफिक प्रहरीले सडक चेकजाँच नियमित गरिरहेको छ, सचेतना कक्षा लिइरहेको छ र दुर्घटना न्यूनीकरणका विभिन्न उपाय अवलम्वन गरिरहेको छ, तर दुर्घटना र त्यसले गर्ने मानवीय, भौतिक तथा आर्थिक क्षति कम हुन सकेको छैन ।**

**सवारी दुर्घटनाका विविध कारणहरु छन् । सडकको अवस्था, ट्राफिक नियमको पालना नहुनु, तीव्रगति, मापसे गरी सवारी चलाउनु, सवारीको चाप र चालकको लापरवाही दुर्घटनाका प्रमुख कारण हुन् । त्यही कारण दुई पाङ्ग्रे सवारी चालकलाई लक्षित गरी ट्राफिक प्रहरीले झापाको पूर्व–पश्चिम महेन्द्र राजमार्गमा 'ट्राफिक प्रहरीको पाँच मिनेट' अभियान सञ्चालन गरेको छ । ट्राफिकले सडकमै सवारी रोकेर चालकलाई पाँच मिनेट सवारी नियम र सुरक्षा सम्बन्धी प्रशिक्षण दिने गरेको छ । मोटरसाइकल चलाउने अनुमति नभएका, उमेर नपुगेका, नियमको पालना नगरेका थुप्रै चालकहरु सडकमा निस्कँदा हुने दुर्घटना नै हो । त्यसैले त्यसबाट जोगिन चालक स्वयम् सचेत र जिम्मेवार हुनुपर्छ । त्यसै पनि ट्राफिकसँग जनशक्तिको अभाव छ, त्यसमाथि बढ्दो सवारी चाप र अनियन्त्रित गतिले निम्त्याउने अकाल मृत्युको सम्भावनालाई न्यूनीकरण गर्न गाह्रो हुन्छ । यस्तोमा ट्राफिकको अभियानसँगै चालकले सजग हुनैपर्छ ।**

# सडक दुर्घटनाको महाविपत्ति कसरी रोक्ने ?



तीर्थराज खरेल

सडक पूर्वाधार मुलुकको समृद्धिको मुख्य आधार हो । सभ्यताको शुरुवातसँगै सडक पूर्वाधारले मानवजातिको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सडक मार्गबाट नै व्यापार-व्यवसाय लगायत मानवीय गतिविधिहरू सहज हुने भएकाले सडकलाई सभ्यता र समृद्धिको प्रमुख आधार पनि मानिन्छ । सडक पूर्वाधारको विकाससँगै सडक सुरक्षा राज्यको प्रमुख चुनौतीको विषय बन्दै आएको छ । नेपाल जस्तो विकासोन्मुख मुलुकमा साँघुरा र मापदण्ड बिना निर्माण गरिएका सडकहरू सवारी दुर्घटनाका प्रमुख कारण बनेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार सवारी दुर्घटनामा वार्षिक १३ लाखभन्दा बढीले ज्यान गुमाउने गरेका छन् भने दुईदेखि पाँच करोड मानिसहरू घाइते हुने गरेका छन् ।

नेपालमा त्यस्तो कुनै दिन छैन जुन दिन सडक दुर्घटना नभएको होस् । सामान्य मृत्यु, आत्महत्या जस्तै सडक दुर्घटना पनि भयावह अवस्थामा निरन्तर बढ्दो क्रममा रहेको छ । नेपालमा भयावह रूपमा सडक दुर्घटना बढ्दै गएको कुरा विश्लेषण गर्दा यो नियन्त्रण र न्यूनीकरण गर्न अप्ठ्यारो हुने देखिन्छ । विगत एक महिनाभित्र सडक दुर्घटनामा परी २० दर्जनभन्दा बढीको ज्यान गएको छ भने करोडौं रुपैयाँको क्षति भएको छ । परिवारका प्रियजनको अल्पायुमै, अकालमा विभत्स मृत्यु हुनु भनेको परिवारमाथिको बज्रपात हो भने राष्ट्रको ठूलो क्षति हो । सडक तथा पुलबाट बाहिर खोँच, नदीमा खस्ने, गाडी जुध्ने, अनियन्त्रित भई गाडी पल्टने, सडकयात्री सडक पार गर्दा गाडीले ठक्कर दिने लगायतले सडक दुर्घटना बढिरहेका छन् । सबै हतारमा हुन्छन् । कोही पर्खन चाहँदैन । यही नपर्खने जिताहा मनोवृत्तिका कारण सडक दुर्घटना हुने गरेको छ ।

नेपालमा सवारी दुर्घटना हुनुमा कुनै एक कारण मात्र जिम्मेवार देखिँदैन । सडक अनुशासनको अवहेलना, दक्ष र अनुभवि चालकको कमी, मापदण्ड विपरीत बनेका सडक संरचना, सवारीसाधन प्रयोगकर्तामा सवारी नियमको ज्ञानको अभाव, सवारीसाधनको कमजोर अवस्था, सडक प्रयोगकर्ताको लापरवाही सडक दुर्घटना निम्त्याउने प्रमुख कारण बनेका छन् । सवारी दुर्घटना दिन प्रतिदिन वृद्धि हुँदै गए पनि यसलाई न्यूनीकरण गर्ने प्रयास निकै कमजोर देखिएको छ । हामीसँग भएका नीति, नियम र कार्ययोजनाहरू कार्यान्वयन हुन सकेका छैनन् । सवारी सुरक्षा सम्बन्धी दीर्घकालीन रणनीतिको खाँचो रहेको छ । अबको २५ वर्षमा नेपालमा कति सवारीसाधन भित्रिनेछन् र तिनीहरूको लागि कस्तो सडक पूर्वाधारको निर्माण गर्ने, सावारी व्यवस्थापन कुन निकाय मार्फत कसरी गर्ने, यसका लागि जनशक्ति र पूर्वाधार कस्तो हुनुपर्ने, सडक प्रयोगकर्ताहरूलाई सडक सुरक्षा सम्बन्धी कसरी सचेतना प्रदान गर्ने लगायतका सवालमा हामीसँग स्पष्ट कार्यदिशा भएको पाइँदैन र केही कार्ययोजना भइहाले पनि कार्यान्वयनको पक्ष अत्यन्त फितलो रहेको छ ।

हरेक दिन सडक दुर्घटनामा कसै न कसैले ज्यान गुमाइरहेकै छ । तीतो सत्य के हो भने दुर्घटना भएका बेला हामी सबै शोकसन्तप्त हुन्छौँ, तर केही समयपछि त्यसलाई बिर्सदै जान्छौँ । सडक यातायातका साधनको दुर्घटनामा दैनिक सात जनाले ज्यान गुमाउने गरेको सरकारी तथ्याङ्क छ । दुर्घटनाले ज्यानमात्रै लिँदैन, घाइते बनाएर जीवनभर कामै गर्न नसक्ने पनि बनाउँछ । दुर्घटना व्यहोर्नु परेको परिवारलाई थाहा हुन्छ, यसको मानसिक आघात कति भयङ्कर र पीडादायी हुन्छ । सडक दुर्घटना प्रमुख कारण सडकको दुर्दशा पनि हो ।



नेपालमा जति पनि सडक छन्, गतिलो छैनन् । एक त कालोपत्रे गरेको सडक कम छ, त्यही कालोपत्रेको पनि राम्रो स्तर छैन । भत्कनु, बिग्रनु, बेलामा मर्मत नहुनु र सडकमै आहाल जम्नु सामान्य जस्तै छ नेपालमा । चालकको कमजोरी र लापरबाहीका कारणले दुर्घटना बढिरहेको छ । सडक यातायात गुडाउने शैली र संस्कारको पनि उत्तिकै कमी नेपालीमा छ । एक त सार्वजनिक यातायातका साधन हाँक्ने चालक मध्ये धेरैमा शैक्षिक योग्यताको कमी छ । चेतनाको अभाव छ । अस्वस्थ प्रतिस्पर्धाले गर्दा अस्वस्थ हँकाइले पनि दुर्घटना निम्तिरहेको छ । जहिले पनि सुनिने र दुर्घटना हुने बित्तिकै हरेक मानिसको मनमा उठ्ने भनेको चालकले मादक पदार्थ सेवन गरेका कारणले दुर्घटना भएको हो भन्ने छ । यसमा सत्यता पनि हुन्छ । यो कारण पनि सडक दुर्घटनासँग जोडिने साँचो हो ।

नेपालमा सडक सञ्जालको विकास र विस्तारसँगै सवारी दुर्घटना पनि हरेक वर्ष वृद्धि हुँदैगएको छ । असुरक्षित यात्राका कारण वर्षमा सयौँले ज्यान गुमाउने र हजारौं घाइते हुने गरेका छन् । यो समस्या दिन प्रतिदिन जटिल बन्दै जाँदा सवारी दुर्घटनाको प्रमुख कारणहरूमा पुराना सवारीसाधनको प्रयोग, चालकको लापरवाही, सडकको दुरावस्था, कमजोर ट्राफिक नियम र फितलो अनुगमन, कमजोर प्रशासनिक निकाय, सवारी प्रयोगकर्ता, यात्रु र सवारी चालकमा ट्राफिक नियमको ज्ञानको अभाव, सडक सुरक्षामा जनचेतनाको कमी, कसुर र सजायमा अस्पष्टता, अव्यवस्थित पार्किङ प्रणाली, ट्राफिक संकेतको अभाव, सडकमा ट्राफिक फर्निसीङ नहुनु, सडक सुरक्षा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको अभाव लगायतका रहेका छन् । तर, छ यी समस्याहरुका बारेका सम्बन्धित निकायहरू जानकार भएर पनि त्यसको समाधानमा गम्भीर नहुनु र उनीहरूबीच समन्वय समेत नहुनु थप समस्याको रुपमा रहेको पाइन्छ ।

कतिपय स्थानमा अगाडि बढाइएका सडक योजनाहरूमा मापदण्ड बिना सडक निर्माण गर्ने यसरी निर्माण गरिएका सडकहरूको गुणस्तर समेत कमजोर हुने, चालक तथा सवारीधनीले आर्थिक प्रलोभनमा परी क्षमताभन्दा बढी यात्रुहरू बोक्ने प्रवृत्तिले पनि सवारी दुर्घटनालाई बढावा दिइरहेको छ । त्यसैगरी राजधानी लगायत सहरी क्षेत्रमा सवारीको अत्यधिक चाप, कमजोर ट्राफिक व्यवस्थापन, सहरी मापदण्ड अनुसारको गुणस्तरीय सडकको अभाव, चालकको लापरवाही, यात्रुहरूको जथाभावी सडक काट्ने प्रवृति, सडकका पेटीहरूको अतिक्रमण, पुराना सवारीको बाहुल्यता, ट्राफिक संकेतको अभाव लगायतका कारण सवारी दुर्घटना बढ्ने गरेको पाइन्छ ।

राज्यले सडक सुरक्षाको कुनै कार्यक्रम बनाउँदैन । सरकार केबल सडक यति निर्माण गर्‍यौं र दुर्घटनामा यति मरे र यति अस्पताल भर्ना मात्र सुनाउँछ, तर त्यसको स्तर र त्यहाँ यातायात सञ्चालन र नियमन तथा कारणका बारेमा कुनै ख्याल गर्दैन । सडक यातायात दुर्घटनाको भयावहता हेर्दा सरकार संवेदनशील हुनै पर्नेछ । नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गमैत्री बनाउने परिकल्पना गरेको छ । त्यसैगरी, राष्ट्रिय योजना आयोगले यसै वर्ष जारी गरेको १५औं योजनाले सर्वसाधरणले प्रयोग गर्ने सार्वजनिक यातायात पूर्णतः व्यवस्थित, सर्वसुलभ, सुरक्षित र भरपर्दो नहुनु, जीर्ण तथा पुराना सवारीसाधनका कारण प्रदुषण बढ्नु, व्यवसायिक तालिम प्राप्त सवारी चालक र तिनको श्रम, समय, सीमा नियमन गर्ने मापदण्ड नहुनु, संस्थागत क्षमता तथा प्रविधिमैत्री कार्य प्रणाली नहुनु र सवारी साधनको नियमित र व्यवस्थित परीक्षण प्रणाली नहुनु सवारी दुर्घटना न्यूनीकरणका प्रमुख समस्याको रुपमा रहेको उल्लेख गरेको छ ।

सडक सुरक्षाको देशव्यापी अभियान चलाउन जरुरी छ । सडक पूर्वाधारहरूलाई सुरक्षित बनाउन सकिएन भने दुर्घटना कम हुँदैन । राज्यले प्रभावकारी योजना बनाएर कडाइसाथ लागू नगर्ने हो भने नागरिकले अकालमा ज्यान गुमाइरहनुपर्छ । ट्राफिक नियमको पालना नेपालमा निकै फितलो छ । अतिले खति गर्छ भने झैं युवा उमेरका चालकमा अहम् देखिन्छ । युवामा अति आत्मविश्वास र पेलाहा प्रवृत्तिका कारणले बढ्दै गएकाले चालकलाई ट्राफिक शिक्षा दिन र कडा कानुन पालना गराउन राज्य पक्ष जिम्मेवार रूपमा लाग्नुपर्छ । अति घुमाउरा बाटाहरू, बिग्रेका सडक, घरपालुवा तथा वन्यजन्तुका घना आवतजावत मात्र होइन चालकको लापरवाही र मादक पदार्थ सेवनका कारणले पनि दुर्घटनाको ग्राफ उकालिँदो छ । वार्षिक रूपमा हजारौँको सङ्ख्यामा सवारी नेपालमा भित्रिने तर पुराना विस्थापित नहुनु, साँघुरा सडक, नशालु पदार्थ सेवन गरी सवारी चलाउनु, फुटपाथको अधिकरण जस्ता कारणले सवारी दुर्घटना हुने गरेको पाइएको छ । चालकको लापरवाही, क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति र यात्रुको पनि असावधानी जस्ता मानवीय त्रुटि नेपालमा हुने अधिकांश सडक दुर्घटनाको मुख्य कारण बनेका छन् ।

मुलुक सङ्घीय संरचना कार्यान्वयनमा पूर्णरूपमा अगाडि बढी सकेको अवस्थामा सवारी सुरक्षा सम्बन्धी नीति निर्माण र कार्ययोजनाको जिम्मेवारी सङ्घ, प्रदेस र स्थानीय सरकारको साझा विषय हो । नेपालमा सडक सुरक्षा सम्बन्धी कार्य गर्ने निकायहरू धेरै भएकोले काममा दोहोरोपन, समन्वयको अभाव, अधिकार क्षेत्रमा विवाद लगायतका कारण प्रभाकारी काम हुन सकेको पाइदैन । यस्तो अवस्थामा अधिकार सम्पन्न सडक सुरक्षा परिषद गठन गरी सवारी दुर्घटना न्यूनीकरणमा प्रभावकारी भूमिका खेल्न आवश्यक छ । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयन गर्ने हो भने पनि सवारी दुर्घटना न्यूनीकरणमा गुणात्मक अभिवृद्धि हुने निश्चित छ । राज्यले कानूनी रूपमा प्रयास थालनी गरिनुपर्छ भने सडक पूर्वाधार विकास तथा सडक प्रयोगकर्ताहरूलाई सडक शिष्टाचारबारे सचेतना दिलाउन सकियो भने सवारी दुर्घटना न्यूनीकरणमा उल्लेख्य सुधार हुने विश्वास गर्न सकिन्छ ।

*tirthakharel2028@gmail.com*

# जीवन विज्ञानका उपयोगी कुरा

नेत्र सुवेदी 'प्रयास'

शास्त्रमा जुन व्यक्तिले मनलाई बसमा राख्न सक्छ ऊ नै सफल हुन सक्छ भनिएको छ । मनलाई तह लगाउने उपाय भनेको साधना हो, योग हो, ध्यान हो, सत्सङ्ग हो र अध्ययन हो । जीवनलाई सही मार्गमा लगाउने बाटो नै जीवन विज्ञान हो । भनिएको छ कि हामीलाई आवश्यक पर्ने पाँच किसिमका धन हुन्छन् । वित्तीय धनले पैसा र सम्पत्तिको स्वामित्वको कुरा गर्दछ, सामजिक धनमा समाजले दिएको स्थान र लोकप्रियता पर्दछ । समयको धनले केही नयाँ काम गर्ने स्वतन्त्रतालाई इङ्गित गर्दछ । भौतिक धनले अरु केही नभएर स्वास्थ्य र तत्परतालाई इङ्गित गर्दछ र आध्यात्मिक धनले मनको शान्ति तथा स्वयम्को सम्मानलाई जोड दिन्छ ।


शरीर, मन र आत्मालाई बलियो राख्ने शुद्ध राख्ने र कर्मशील राख्ने कलाबाट नै खुशी र समृद्धि प्राप्त हुने गर्दछ । मूलतः विपश्यनाको १० दिने साधना र जीवन विज्ञानका कक्षाहरुमा सहभागी हुँदा योग गुरु रमेश नेपाल र एलपि भानुसँगको प्रवचन तथा जीवन विज्ञान प्रतिष्ठानद्वारा २०७५ सालमा प्रकाशित पुस्तक 'समस्या अनेक समाधान एक नामक पुस्तकको अध्ययनबाट प्राप्त ज्ञानले यो आलेख लेख्न प्रेरित गरेको छ । आफूभित्र समाधान खोज्न सक्षम हुनका लागि पनि योग र ध्यानको सहयोग लिँदा शारीरिक, मानसिक, भावनात्मक तथा आत्मिक स्वास्थ्यका साथै आनन्द प्राप्त हुन जान्छ । व्यक्तिले आन्तरिक यात्रा गर्नका लागि प्रथमत अन्तरमुखी हुन जरुरी हुने र पूर्वीय सभ्यता विभिन्न प्रसङ्गहरुको सहयोगले आत्मिक रुपान्तरणको पथ देखाउने र साधनाको असल प्रभाव सम्बन्धमा पुष्टी गर्ने अभियान जीवन विज्ञानमा रहेको छ ।

**अहंकारबाट ॐकारतिरको यात्रा**

हामी सबैमा कुनै न कुनै लेभलको इगो छ, अहंकार छ । व्यक्तिमा हुने शक्तिका दुई वर्ग छन् । पहिलो अहंकारको शक्ति र दोस्रो ॐकारको शक्ति । पहिलो वर्गको शक्ति अर्थात् अहंकार समस्याको कारण हो भने दोस्रो शक्ति अर्थात् ॐकार भने व्यक्तिको जीवनमा व्याप्त समस्याको समाधान हो । अहंकारबाट सिर्जित चार शक्तिका रुपमा ज्ञानी छु भन्ने अहंकार, शारीरिक बल छ भन्ने अहंकार, साधनाको अहंकार र दैवीशक्तिको अहंकारलाई व्याख्या गरिएको छ । यी सबै अहंकारका रुपले हामीलाई छद्मरुपमा शक्तिशाली अनुभूत गराए पनि, विविध विषयमा केही न केही प्राप्ति भएको जस्तो देखिए तापनि समग्र परिणाममा भने हाम्रो काम राम्रो हुँदैन ।

सुख जस्तो देखिए तापनि दुःखको निर्माणमा ती शक्तिले योगदान गरिरहेका हुन्छन् । परिणाम राम्रो हुनका लागि त अहंकारलाई निर्मूल वा विसर्जन गर्न सक्नु पर्दछ । इन्द्रियले दिने अनुभूतिभन्दा बाहिर जान सक्नु पर्दछ अर्थात् इन्द्रियातित हुन सक्नु पर्दछ । त्यस्तो शक्तिलाई ॐकारको शक्ति नाम दिइएको छ । अर्थात् हामीमा दोस्रो वर्गको शक्ति पनि आवश्यक पर्दछ अझ भनौं पाँचौं शक्तिका रुपमा ॐकारलाई अवलम्वन गर्न सक्नु पर्दछ । ताकि बाँकी चारवटा शक्तिले पैदा गर्ने खरावीलाई न्यूनीकरण वा निर्मूल गर्न सकियोस् । ॐकारको जानकारी राख्ने र साधना गर्ने व्यक्ति मात्र वास्तवमा शक्तिशाली हुन सक्छ । ॐकारको हामिसँग भएर पनि शरीरभन्दा अलग रहेको मानिन्छ । सबै शक्तिको स्रोत चाहिँ यही ॐकारको शक्ति मानिएको छ । यो अनुपम आनन्ददायक शक्तिलाई परमात्माको शक्ति पनि भनिन्छ र यो अविनाशी हुन्छ । अहंकाररुपी शक्तिलाई ॐकाररुपी शक्तिमा रुपान्तरण गर्नका लागि निरन्तरको साधना भने आवश्यक पर्दछ र जीवन विज्ञानको मार्गमा साधनाको व्यवस्थित अभ्यास सिकाइन्छ ।

प्रश्न उठ्न सक्छ कि अहमरुपी भारी कसरी बिसाउने ? अहम बढ्दै जाने एउटै कारण छ त्यो के हो भने हामी परिवारमा, सङ्गठनमा, समाजमा केही राम्रो काम भएको छ भने आफ्नै कारणले भएको हो भन्न मन पराउँछौं । केही अपजस वा असमर्थता आइलाग्यो भने त्यो अरुको कारणले भएको भन्न रुचाउँछौं । समय पायो कि अरुको कुरा काट्न हामीलाई मजा लाग्छ समय गएको पत्तो नै हुँदैन । संसारको एक कुनामा एउटा झिनो काममा हाम्रो जीविका चलिरहेको छ, होला केही सामाजिक काम तथा मानवसेवाको काम पनि गरेका होलाऔं, तर आफू नभई संसार नै रोकिन्छ, सामाजिक काम अगाडि बढ्दैन, मैले काम नगरी कसरी नतिजा आउला भन्नेखालको हामीले बोकिरहेको अहंकारको महान भारी बिसाउनै पर्दछ । कामको राम्रो परिणाम आउनुमा समाज वा परिवार राम्रोसँग चल्नुमा साथी, परिवार तथा समुदायका सदस्य वा कुनै समूहलाई जस दिन जानिन्छ र अझ राम्रो कामको लागि जब प्रेरक



बन्न सकिन्छ अनि मात्र हामी अहंकारको च्यादर हटाउन थाल्दछौं । यो कार्यका लागि पनि समग्र जगतमा हाम्रो राम्रो वा नराम्रो छुट्याउने शक्ति जगाउन जरुरी हुन्छ ।

**तीन किसिमका फोहर**

संसारमा नयाँ–नयाँ रोगले मानव सभ्यतालाई चुनौती दिइरहेको हुन्छ । कहिले त रोगले महामारीकै रुप लिने गरेको छ । यस्तो रोगको कारण विवेचना गर्दा मूलतः फोहोरको कारण रोगको जन्म भएको पाइन्छ । त्यसमा पनि मात्र तीन किसिमका फोहोर मध्ये कुनै एक वा दुई वा तीनको संयोगबाट हामीलाई लाग्ने रोग जटिल हुँदै गएको हुन्छ । ती तीन किसिमको फोहोर भनेको शरीरको फोहोर, मनको फोहोर र वातावरणको फोहोर हो । शरीरभित्र फोहोर कसरी प्रवेश गर्दछ । शरीरभित्र कहाँ कहाँ फोहोर जम्मा भएर बस्छ अनि के–कस्ता फोहोरहरु हामीले शरिरबाहिर निष्काशन गर्नुपर्दछ भन्ने महत्वपूर्ण विषय हो । हामीले लिने श्वाससँग, खानेकुरासँग, पिउने कुरासँग शरीरभित्रको फोहोर सम्बन्धित छ ।

रोग लाग्ने र एकबाट अर्कोमा सर्ने प्रक्रिया कि शरीरको फोहर र कि वातावरणको फोहोरसँग सम्बन्धित हुन्छ । अहिले बढ्दै गएको र विश्वभर भयाभह असर देखाइरहेको मनको फोहोर हो । हाम्रो मनमा जागृत हुने काम, क्रोध, लोभ, मोह, इर्ष्या र द्वेषका कारण हामी व्यक्तिगत र सामाजिक रुपमा असल कार्य गर्न सक्दैनौं । मनको फोहोरको कारण शरीर पनि कमजोर बन्दै जान्छ । यी तीन प्रकारका फोहरको पहिचान गरी फोहोर हुनै नदिने र रहे भएको फोहोर सफा गर्नका लागि साधना आवश्यक छ, असल जीवनप्रणालीको अभ्यास आवश्यक छ ।

**समृद्धिका लागि त्रिशक्ति र त्रिगुणको विकास**

हामी आफ्नो कर्म क्षेत्रमा आत्मा निष्ठाका साथ काम गर्नुपर्दछ । जुन थालमा खायो त्यही थालमा प्वाल पार्ने काम कदापि गर्नुहुँदैन । जीवनलाई सबल, सक्षम र समुन्नत बनाउनका लागि शारीरिक, मानसिक र आत्मिक शक्तिको अभ्यास गर्नुपर्दछ । त्यस्तै दुर्गुणबाट सद्गुणतर्फको यात्रा तय गर्नु पर्दछ । यसको लागि एकैदिनमा एकैछिनमा सम्भव छैन निरन्तरको साधना आवश्यक छ । तेस्रो गुण अर्थात् निर्गुण परमात्माको क्षेत्र हो । निर्गुण निराकार निरञ्जन मानिने भगवान हुन् । हामी आफूमा भगवत तत्व जगाउन सक्दछौं । निर्गुण अवस्थामा उपलब्ध हुने अवसरका लागि ध्यान आवश्यक छ । राम्रो नराम्रो, ठिक बेठिक, मेरो तेरो भन्ने भावनाबाट निर्देशित वा विचलित नभई समान रहन सक्ने कला आवश्यक छ । परधर्मो भयावह भनिएको पनि छ । आफ्नो काममा ध्यान कम हुने, तर अरुले गर्ने गरेको काममा बढी चासो राख्ने काम घातक हुन्छ । समय बर्बादी गर्ने, अल्छी हुने र अरुको चियोचर्चो गर्नेभन्दा पनि आफ्नो कामलाई माया गरेर समर्पित भावले लागिपर्ने व्यक्तिले मात्र समृद्धि प्राप्त गर्ने क्षमता राख्दछ ।

**खुशी हुने सूत्र**

चयन हाम्रै हो फैसला आफ्नै हो सद्गुण प्रयोग गर्ने वा दुर्गुणहरु प्रयोग गर्ने । दुःख दिनेखालका आफैभित्र रहेका खराबी वा अहम्का विभिन्न पक्षहरु चिन्न र हटाउन सक्नुपर्दछ । ध्यानबाट प्रेम र शान्ति उत्पन्न हुने हुँदा नियमत ध्यान गर्नु श्रेयस्कर छ । शान्ति, स्थिरता र प्रेममा अहंकारको कामै छैन । तसर्थ, अहंकारप्रति सजग हुनु अति आवश्यक छ । चञ्चल मनलाई एकाग्र गर्न सकेमा मात्र खुशी प्राप्त हुन्छ । अरुसँग प्रेमपूर्ण सम्बन्ध राख्नुपर्दछ । खासगरी कर्मसँग, व्यक्तिसँग, विषयसँग र प्राकृतिक सम्पदासँगको सम्बन्ध प्रेमपूर्ण हुनु जरुरी छ । यसका लागि पनि साधना आवश्यक छ । वास्तवमा हाम्रै जीवनशैली र आनिबानीका कारणले हाम्रो जीवनको फल प्राप्त हुने हो । अर्को शब्दमा भन्नुपर्दा हामी जे खोज्यो त्यही पाउँछौं सुख वा दुःख ।

विचारको कब्जियत हुनु पनि दुःखको कारण हो । साँगुरो विचार लिनु, आफ्नो र आफ्नाको मात्र चिन्तन गर्नु कदापि राम्रो होइन । के चाहिँ बुझ्न जरुरी छ भने हाम्रो सबभन्दा नजिक धन सम्पत्ति वा अरु कोही व्यक्ति नभएर हामी आफ्नै शरीर छ, यसको हित हुने काम गर्दै अगाडि बढ्न जरुरी छ । यही शरीरमा हामीलाई निरन्तर सताउने हाम्रो मन छ । यो मनलाई ठेगानमा राख्नका लागि पनि हामी श्वासप्रश्वाससँग जोडिएको प्राणायाम साधना, विपश्यना लगायतका योग तथा ध्यान गर्न सक्छौं । यसको लागि जीवन विज्ञान उपयुक्त स्थान वा प्लेटफर्म हुन सक्छ ।

अन्त्यमा जीवनलाई सार्थक बनाउने मार्ग सिकाउने विभिन्न सिकाइ स्थल छन् । बुद्धले सिकाउनु भएको व्यक्तिभित्र जम्मा भएका क्लेश विसर्जन गर्ने विपश्यनाको स्वयम् अभ्यास कलादेखि ओशो रजनिशले सिकाउनुभएको साधनाको विधिसम्म । डा. योगी विकासानन्द, डा. राजु अधिकारी लगायत थुप्रै साधकहरुले पूर्वीय सभ्यताको प्राचीन भूमि नेपालमा मौलिक योगाभ्यासको चम्किलो उज्यालो छरिरहेका छन् । जीवन विज्ञान प्रतिष्ठानले केही दिनअघि मात्र लुम्बिनीमा बृहत चक्र विज्ञान साधनाको शिविर सञ्चालन गरेको छ । जीवन विज्ञान सबै उमेर समूहका लागि साधनाको कोर्ष निरन्तररुपमा सञ्चालन गरिरहेको छ । लामो अनुभव र प्रेरणादायी शैलीयुक्त नेपाली गुरुहरुबाट नेपाली आवश्यकता सुहाँउदो साधना कक्षामा सहभागी भएर, युटुवबाट वा पुस्तकबाट सिक्न र आफूलाई रुपान्तरण गर्ने मार्गमा समर्पित हुन हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षाका साथ हरि ॐ ।

*(सुवेदी नेपाल सरकारका सहसचिव हुन् ।)*

# एमाले कमलको अध्यक्षमा ढकाल



**कमल, बैशाख ३०।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) कमलको दोस्रो गाउँ अधिवेशनबाट अध्यक्षमा हरि ढकाल सर्वसम्मत चयन भएका छन् ।

आगामी तीन वर्षे कार्यकालका लागि ढकालसहित उम्मेदवारी दर्ता गराएका डम्बरबहादुर निरौला र धनबहादुर बस्नेतले उम्मेदवारी फिर्ता लिएसँगै ढकाल सर्वसम्मत चयन भएका हुन् । त्यस्तै उपाध्यक्षमा अकलबहादुर गुरुङ्ग सर्वसम्मत चयन भएका छन् । गुरुङ्गसँगै उम्मेदवारी दिएका चन्द्रकला ढकाल र उषा भण्डारीले आफ्नो उम्मेदवारी फिर्ता लिएपछि गुरुङ्ग सर्वसम्मत चयन भएको निर्वाचन समितिका संयोजक देवेन्द्र भण्डारीले जानकारी दिए ।

त्यसैगरी गाउँ कमिटीको सचिवमा विरेन्द्र अधिकारी निर्वाचित भएका छन् । अधिकारीले (१७५) मत प्राप्त गरी निर्वाचित भएका हुन् । उनका प्रतिष्पर्धी छविलाल गुरागाईंले (७६) मत प्राप्त गरेका थिए । उपसचिवमा भीम चापागाँईले (१७५) मत पाप्त गरी निर्वाचित भए भने उनका प्रतिष्पर्धी दिपककुमार दाहालले ५६ मत प्राप्त गरेको निर्वाचन समिति सदस्य शरणकुमार पराजुलीले बताए ।

त्यस्तै महिला उपसचिवमा हीमा नेपालीले (११८) मत प्राप्त गरिन् भने उनकी प्रतिपर्ष्धी ममता गुरुङ्गले (७४) र शान्ता दाहालले (६४) मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । कमल गाउँपालिकामा एक हजार तीन सय नवीकृत सदस्य मध्येबाट अधिवेशनका लागि तीन सय जना प्रतिनिधि छनौट भएको गाउँ कमिटी सचिवालयले जनाएको छ । अधिवेशनबाट ७५ जनाको गाउँ कमिटी निर्वाचित भएको हो ।

# वर्षासँगै किसानलाई राहत



**भद्रपुर, बैशाख ३०।** लामो समयपछि वर्षा भएसँगै झापाका किसान खुशी भएका छन् ।

आइतबार बिहानैदेखि पानी परेपछि किसानले लगाएको चैते धान, मकै, सुपारी लगायतका बालीलाई राहत मिलेको भन्दै किसान खुशी भएका हुन् ।

झापा गाउँपालिका-७ मा मकैखेती गरेका जीवनाथ लम्साल बिहानैदेखिको पानीले अलिकति भए पनि राहत मिलेको बताउँछन् । उनी भन्छन्- 'धेरै समयपछि माटो भिज्ने गरी पानी परेको छ, हाम्रो जस्तो सुक्खा माटो भएको क्षेत्रलाई यसले राम्रो असर गर्छ ।'

पानीले घोगा लाग्दै गरेको मकैका लागि रामवाणको काम गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना झापा एकाइका प्रमुख रविन्द्र सुवेदी बताउँछन् । 'वर्षा ढिलो भए पनि माटो भिजेको छ, सबै किसानका लागि राहतको काम गर्छ' -प्रमुख सुवेदीले भने । लामो समयसम्म पानी नपर्दा नदीबाट सिँचाइ भएको ठाउँमा पानीको कमी हुँदै गएको तथा भूमिगत सिँचाइको सुविधा भएका क्षेत्रमा बिजुलीको भोल्टेज कम हुँदा किसानले आवश्यक सिँचाइ गर्न नपाएको बताएका छन् ।

गौरीगञ्ज गाउँपालिका-३ का सीताराम खड्काका अनुसार भूमिगत सिँचाइको व्यवस्था भए पनि खडेरीका कारण सबै बोरिङमा सुक्खा लागेको छ । 'लामो समयको खडेरीका कारण धान, गहुँ आधा जति सुकिसकेका थिए, उत्पादनमा कमी भए पनि पानीले राहत मिल्नेछ' -खड्काले भने । झापाका विभिन्न भागमा सामान्य वर्षा भइरहेको छ ।

# पहिचान फेरिएको फुस्रेबजार

**धरान, बैशाख ३०।** कुनै समय व्यापारिक केन्द्रका रुपमा परिचित धरान उपमहानगरपालिका-१३ फुस्रेबजारले अहिले नयाँ स्वरुप पाएको छ ।

वि.सं. २०३४ अघि फुस्रेबजार पूर्वी पहाडी जिल्लरुको मुख्य व्यापारिक केन्द्रका रुपमा लिइन्थ्यो । व्यापार गर्नका लागि भोजपुर, धनकुटा, सङ्खुवासभा, तेह्रथुम, पाँचथर, फिदिम लगायतका धेरै जिल्लाका स्थानीय उत्पादनहरु चोयाको ढाकरमा बोकी हिँडेर दुई/तीन दिन लगाई सागुढीगडी हुँदै व्यापार गर्न यहाँ आउने गरिएको बुढापाकाहरु बताउँछन् । त्यतिबेला फुस्रेबजारमा कलात्मक मूर्तिहरुसँगै मौलिक सामग्री पनि व्यापार गर्ने गरिन्थ्यो ।



वि.सं. २०३७/०३८ सालपछि धरान-धनकुटा सडक विस्तार गएपछि पहाडी भेगका धेरै ठाउँमा सडकको पहुँच पुगेसँगै यो बजार सुनसान बन्दै गयो । केही वर्षसम्म सुनसान जस्तै बनेको फुस्रेबजारमा अहिले भने निकै चहलपहल देखिन थालेको छ । त्यही ऐतिहासिक रुप दिन २०७७ सालमा फुस्रे चोकमा पुराना व्यापार व्यवसायीहरुको ढाकर बोक्दै गरेको र बजार भर्दै गरेका स्थानीयहरुको दर्जनौं मूर्तिहरु राखिएको छ ।

फुस्रे आसपासमा थुप्रै मूर्ति र पार्कहरु बन्न थालेपछि त्यसको अवलोकनका लागि आएका आन्तरिक तथा बाह्य पर्यटकहरुको चहलपहल बढ्न थालेको छ । धरान-१३ मा निर्माण गरिएको श्रम संस्कृति उद्यान, वीपी पार्क पर्यटकका लागि नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकसित हुँदै गएको छ ।

सर्दु, खर्दु र निसाने खोलाको उजाड बगरमा फलफूलका बिरुवा रोपेर आकर्षक बगैँचा बनाइएको छ । बगैँचाको एक छेउमा धरानको पहिचान झल्किने गरी काठ काट्ने आरा निर्माण गरिएको छ भने त्यसको छेउमा किरात संस्कृतिमा महत्वपूर्ण मानिने चिन्डोको आकृति झल्किने आकर्षक धारा पनि बनाइएको छ ।

उद्यानको वरिपरि पर्यटकलाई बस्न मिल्ने गरी फाइबरका फलैँचा र कुर्सी निर्माण गरिएको छ । उद्यानका ठाउँ-ठाउँमा राखिएका 'साउन्ड बक्स'बाट सङ्गीतको धुन गुञ्जिरहेको हुन्छ । शान्त र सुन्दर वातावरणमा सुमधुर सङ्गीतको धुनले त्यहाँ पुग्ने पर्यटकको मनै आनन्दित हुन्छ । फुस्रे बजार नजिकै पहिले श्रम संस्कृति पार्क (उद्यान) मात्र बनाइएको थियो ।

# दमक बहुमुखी क्याम्पसमा ई-लाइब्रेरी सञ्चालनमा



**दमक, बैशाख ३०।** दमक बहुमुखी क्याम्पसमा विद्यार्थीका लागि आइतबारदेखि ई-लाइब्रेरी सञ्चालनमा ल्याइएको छ ।

क्याम्पसको पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन उपसमितिले एक कार्यक्रमबीच ई-लाइब्रेरीको क्याम्पस सञ्चालक समितिका अध्यक्ष ढुण्डीराज भण्डारीले शुभारम्भ गरेका हुन् । ई-लाइब्रेरीको उद्घाटनका क्रममा अध्यक्ष भण्डारीले शिक्षण सिकाइलाई प्रविधियुक्तसँगै प्रभावकारी बनाउन यस कार्यले सघाउँ पुऱ्याउने विश्वास व्यक्त गरे ।

लाइब्रेरी शाखाका प्रमुख हरि ढकालका अनुसार शुरुवातीका क्रममा पाँच कम्प्युटर राखेर ई-लाइब्रेरी सञ्चालनमा ल्याइएको छ । आवश्यकता अनुसार थप विस्तार गर्दै लैजाने लक्ष्य राखिएको उनको भनाइ छ । उनले ई-लाइब्रेरीबाट विद्यार्थीले केन्द्रीय पुस्तकालयको समन्वयमा इरिसोरेर्स लगायतका शैक्षिक अध्ययन गर्न प्रत्यक्ष सुविधा पाउने बताए ।

क्याम्पसको पुस्तकालय ताथा प्रयोगशाला व्यवस्थापन उपसमितिका संयोजक वेदु गौतमको अध्यक्षतामा भएको ई-लाइब्रेरी उद्घाटन कार्यक्रममा क्याम्पस प्रमुख यज्ञराज गिरी, सञ्चालक समितिका सदस्य गेहनाथ पोखेल लगायतले ई-लाइब्रेरीको महत्व र उपयोगिताका विषयमा चर्चा गरेका थिए ।

क्याम्पसले यसअघि भने अध्यापकका लागि ई-लाइब्रेरी स्थापना गरेको थियो । क्याम्पसमा विद्यार्थीका लागि लाइब्रेरी स्रोतसाधनले मजबुत भए पनि हाल सञ्चालनमा रहेको लाइब्रेरी कक्षको भवन भने पर्याप्त नभएकाले छुट्टै भवन निर्माणका लागि प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक बजेटका लागि पहल भइरहेको पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन उपसमितिका संयोजक गौतमले बताए ।

कार्यक्रममा क्याम्पसका अध्यापक तथा दमक जेसीजका अध्यक्ष रामचन्द्र अधिकारी, क्याम्पसका प्रमुख प्रशासकीय अधिकृत पदम घिमिरे, सामाजिक अगुवा दिनेश अधिकारी प्राध्यापक, सञ्चालक समितिका पदाधिकारी लगायतको उपस्थिति रहेको थियो । पूर्वकै एक ठूलो यस क्याम्पसमा अहिले करिब छ हजार विद्यार्थी अध्ययनरत् छन् ।

# डिजिटल सुरक्षा सम्बन्धी सचेतना



**अर्जुनधारा, बैशाख ३०।** अर्जुनधारा-१० स्थित प्रगति महिला कृषक समूहको आयोजनामा नगरपालिका अन्तर्गतका विभिन्न वडामा सञ्चालन भएको डिजिटल सुरक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

समूहले गत माघ ४ गतेदेखि अर्जुनधारा-११ नं. वडाबाट शुरु भएको उक्त कार्यक्रम वडा नं. ८, ६, ४, ९, ३ हुँदै वडा नं. १० मा सम्पन्न गरेको छ । ललितपुरस्थित टेवा नेपालको आर्थिक सहयोगमा सञ्चालन भएको कार्यक्रममा दुई सय १० जनाभन्दा बढीलाई डिजिटल सुरक्षा सम्बन्धी जानकारी दिइएको बताइएको छ ।

अर्जुनधारा-१० स्थित ज्येष्ठ नागरिक सामुदायिक मिलन केन्द्रको सभाहलमा समूहकी उपाध्यक्ष शान्ता पोखरेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको वडाध्यक्ष भूपेन्द्र न्यौपानेले उद्घाटन गरेका थिए ।

कार्यक्रमको सहजीकरण अर्जुनधारा नगरपालिकाका सूचना प्रविधि शाखा प्रमुख विनोद खनाल र क्यान झापाका सचिव लोकप्रिय खनालले गरेका थिए । उक्त कार्यक्रमको सञ्चालन सदस्य सावित्रा मिश्रले गरेकी थिइन् ।


## काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

*तेस्रो पटक प्रकाशित मिति :- २०८१/०१/३१ गते*

यस श्री नमुना सा.व.उ.स.माई न.पा.२ र ४ इलामको वनबाट उत्पादन भई समुहको घाटगद्दीमा लट बनाई राखिएका काठहरु डि.व.का.इलामको च.न. ६९३२ मिति २०८०/१०/२३ गते र च.न. ८४६१ मिति २०८०/१२/०५ गतेको लिलाम सहमति अनुसार साल गोलिया थान २२५ को २५३३.३० क्यु.फि.र अन्य जात गोलिया थान ३५ को ४५२.८३ क्यु.फि. काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । बन पैदावार सम्बन्धी कार्य गर्ने इच्छुक व्यात्ति, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्लास्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री नमुना सा.व.उ.स. माई न.पा.२ र ४ इलाम**



## भुल सुधार गरिएको

मिति २०७९/०५/१८ गते प्रकाशित आशा लघुवित्त वित्तीय संस्था लि.को कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय उर्लाबारीको निम्न उल्लेखित ऋणीहरुको ना.प्र.नं. फरक पर्न गएकोले भुल सुधार गरी पुन प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

१. मायादेवी थापा (२७७१/३४०)
२. मञ्जु मगर (०३०२२३/२२९५)



## बुद्धशान्ति उद्योग वाणिज्य संघ

**कार्यसमितिको निर्वाचन २०८१**

## निर्वाचन कार्यक्रमको सूचना

बुद्धशान्ति उद्योग वाणिज्य संघको विधान २०७७ को दफा १३ उपदफा १ संशोधित विधान बमोजिम आगामी ३ (तीन) वर्ष कार्य अवधिका लागि मिति २०८१ साल जेष्ठ १३ गते सम्पन्न हुने कार्यसमितिका अध्यक्ष-१, उपाध्यक्ष-२ (उद्योग १- वाणिज्य १), महासचिव-१, सचिव-२ (उद्योग १ वाणिज्य १), कोषाध्यक्ष-१, महिला सदस्य-२, खुल्ला सदस्य- ४ (जम्मा १३) पदका लागि हुने निर्वाचन देहाय बमोजिम निर्धारित गरिएको सम्पूर्ण सदस्यहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रमहरु | मिति | समय |
|---|---|---|---|
| १. | निर्वाचन कार्यक्रम प्रकाशन | २०८१/०१/३० | १२:०० बजे |
| २. | मतदाता नामावली प्रकाशन | २०८१/०१/३० | १२:३० बजे |
| ३. | मतदाता नामावली सामाविष्ठ नाम उपर दाबी विरोध | २०८१/०१/३१ | १०:०० देखि २:०० बजेसम्म |
| ४. | उजुरी उपर छानविन पश्चात अनितम नामावली प्रकाशन | २०८१/०१/३१ | ३:३० पछि |
| ५. | उम्मेदवारको मनोनयन पत्र दर्ता | २०८१/०२/०२ | १०:०० देखि ३:०० बजेसम्म |
| ६. | उम्मेदवारको नामावली प्रकाशन | २०८१/०२/०२ | ४:०० बजे |
| ७. | उम्मेदवारी मनोनयन दर्तापत्र माथि दाबी विरोध | २०८१/०२/०३ | १०:०० देखि ३:०० बजेसम्म |
| ८. | दाबीविरोध उपर जाचबुझ पछि उम्मेदवारको संशोधित नामावली प्रकाशन | २०८१/०२/०३ | ४:०० बजे |
| ९. | उम्मेवारले नाम फिर्ता लिने | २०८१/०२/०६ | १० बजेदेखि ३:०० बजेसम्म |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/०२/०६ | ४:०० बजे |
| ११. | मतदान | २०८१/०२/१३ | ८:०० देखि ४:०० बजेसम्म |
| १२. | मतगणना | २०८१/०२/१३ | मतदान समयपछि |
| १३. | मतपरिणाम घोषणा | मतगणना पछि | |
| १४. | मतदान केन्द्र | संघको कार्यालय | |

नोट: १) संघको विधान २०७७ को परिच्छेद ७ को दफा २४ को उपदफा ६ अनुसार निर्वाचनमा उम्मेदवार वा मतदाता हुन स्थायी लेखा नम्बर अनिवार्य हुनुपर्नेछ ।

**डिल्लीराम तिम्सिना : निर्वाचन संयोजक**



## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड**
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३



उच्च गुणस्तर सुलभ मूल्य

## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



## बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |



## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क :
देवराज गिरी
९७०६१९६४०६
९८४२०७०५८६

विशाल हरिजन
९८१४९१७७११
९८४२७३३६१२




**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय शुभ फलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, आज तपाईलाई मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।